रुपनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**(सामान्य प्रशासन शाखा)**

रुपनी, सप्तरी
२ नं. प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी पहिलो सूचना

(मितिः २०७४/०९/२५)

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौंको प.सं. २०७४/७५ च.नं. १२७ मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृत करार सेवासम्बन्धी पत्र बमोजिम ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको website:www.rupanimun.gov.np बाट डाउनलोड गरी वा रुपनी गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| ००१/०७४-०७५ | सूचना प्रविधि अधिकृत | १ (एक) | पछि प्रकाशन गरिने | |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

**परीक्षा केन्द्रः-** गाउँ कार्यपालिकाको कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ।

**आवश्यक न्यूनतम योग्यताः-** लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT) उत्तीर्ण गरेको हुनुपर्नेछ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण (Bio-Data), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरुसाथ राखी रीतपूर्वकको आवेदन फारम भरी हुलाक, यस कार्यालयको ईमेल ठेगाना rupanigaupalika@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**उम्मेदवार छनौटका आधारहरुः-**

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्षभन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |
| ५. | लिखित परीक्षा | ५० |
| ६. | प्रयोगात्मक परीक्षा | ३० |
| ७. | अन्तर्वार्ता | २० |

(**नोटः** माथि उल्लिखित क्र.सं. १, २, ३ र ४ मा उल्लिखित सूचकहरुको कुल प्राप्ताङ्कको ५० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई मात्र छोटो सूची (Short List) मा समावेश गरी लिखित परीक्षामा सम्मिलित गराइनेछ।)

| | |
|---|---|
| **दरखास्त दिने अन्तिम मितिः-** | २०७४/१०/०९ गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र। |
| **दरखास्त दस्तुरः-** | रु. १०००/- (एक हजार मात्र) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः-** | रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरीमा बुझाउन वा यस कार्यालयको राष्टिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नं. २१८०३०४०१८११३ मा जम्मा गर्न सकिनेछ। |
| **प्रयोगात्मक/अन्तर्वार्ता मिति :-** | पछि निर्धारण भए बमोजिम हुनेछ। |
| **करार अवधिः-** | २०७५ असार मसान्त सम्म |
| **तलबः-** | मासिक रु. ४०,०००/- |
| **पुनश्चः-** | थप जानकारीको लागि सम्पर्क नं. ०३१-४५००३५/९८५२८२२१२३ मा सम्पर्क गर्न सक्नुहुनेछ। |